# नेपाल विद्यावारिधि संघको
# Nepal PhD Association (NPA)

## विधान
## २०६५

**प्रस्तावनाः**

आजको संसार विभिन्न चरणहरु पार गर्दै समाज विकासको क्रमसंगै विकासोन्मुख, विकासशील, विकसित संसारलाई समायोजन तर्फ अघि बढीरहेको बेला हाम्रो देशका विभिन्न विषयमा विद्यावारिधि गरेका जनशक्तिको उपयोग गरी देशका विभिन्न भागमा रहेका विविध उपेक्षित र उत्पीडित, वर्गलाई सचेत र स्वावलम्वी बनाउन स्थानीय श्रोत, साधन र जनशक्तिको सदुपयोग गरी विकासको प्रत्यक्ष लाभ सबैमा समानुपातिक तवरले बाँडफाँड हुनसक्ने अवस्था तयार पार्न प्राकृतिक श्रोत, सम्पदा र प्रविधिका बारेमा अनुसन्धान गरी समाज र राष्ट्रलाई सही सूचनाको जानकारी दिई योगदान गर्न तथा सरकार र अन्य अनुसन्धानमूलक संस्थाहरुसंग सहकार्य, सन्जाल निर्माण तथा परामर्श सेवा उपलब्ध गराउन मुनाफाको ध्येय नराखी गैरसरकारीस्तरमा कार्य गर्ने एक सामाजिक संस्था स्थापना गर्नु आवश्यक देखिएकोले विभिन्न विश्वविद्यालयहरुबाट विद्यावारिधि उपाधि प्राप्त गरेका नेपाली नागरिकहरु सदस्य रहने गरी “नेपाल विद्यावारिधि संघ” नामको यस संस्थाको स्थापना ‘संस्था दर्ता ऐन- २०३४’ को अधिनमा रही यसको संचालनका लागि यो विधान जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१) संस्थाको नाम र प्रारम्भः**

यस संस्थाको नाम नेपाल विद्यावारिधि संघ अंग्रेजीमा Nepal PhD Association रहनेछ । यसलाई छोटकरीमा (NPA) भनिनेछ ।

(क) संस्थाको कार्यालय रहने ठेगानाः

यस संस्थाको कार्यालय काठमाडौंमा रहनेछ र आवश्यकता अनुसार यसका शाखाहरु देशका विभिन्न भाग र प्रवाशमा पनि स्थापना गर्न सकिनेछ ।

(ख) यस संस्थाको कार्यक्षेत्रः

यस संस्थाको कार्य क्षेत्र नेपाल अधिराज्यभर रहनेछ । आवश्यकता अनुसार अन्तराष्ट्रिय स्तरमा विस्तार गरिनेछ ।

(ग) यस संस्थाको विधान अंग्रेजी र नेपाली भाषामा रहनेछ ।

(घ) यो विधान सम्बन्धित निकायमा दर्ता भएको दिन देखि लागु हुनेछ ।

(ङ) संस्थाको अस्तित्व

यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैरराजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ । यस संस्थाले आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श सेवा उपलब्ध गराउनेछ ।

२)   **परिभाषाः**

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस विधानमा

क   "विधान" भन्नाले यस नेपाल विद्यावारिधि संघ नेपालको विधानलाई सम्झनुपर्दछ ।

ख   "संस्था" भन्नाले यस नेपाल विद्यावारिधि संघ नेपाललाई जनाउछ ।

ग   "समिति" भन्नाले यस बिधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँछ ।

घ   "सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा वा विशेष साधारण सभालाई जनाउछ ।

ङ.   पदाधिकारी भन्नाले यस संस्थाका पदाधिकारीहरुलाई जनाउछ ।

च   नियम, विनियम भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउँछ ।

छ   स्थानीय अधिकारी भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउछ ।

ज   तोकिएको वा तोकिएबमोजिमको भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम, विनियममा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनुपर्दछ ।

झ   स्थानीय निकाय भन्नाले गा.बि.स., महानगर, उपमहानगर, नगरपालिका र जि.वि.स.लाई जनाउनेछ ।

३)   **संस्थाको छाप र चिन्हः**

(क) यस संस्थाको छाप र लोगो यसै विद्यानमा उल्लेख गरे बमोजीमको छापलाई मानिनेछ ।

## परिच्छेद २

४)   **संस्थाको उद्देश्य**

संस्थाको उद्देश्य देहाय बमोजिम रहनेछ ।

(क) राष्ट्रिय र अन्तराष्ट्रियस्तरका समसामयिक ज्वलन्त सवालहरुमा अध्ययन, अनुसन्धान, छलफल र अन्तरक्रिया कार्यक्रमहरु संचालन गरी ठोस निचोड निकाल्ने ।

(ख) संस्थाले गरेका अध्ययन-अनुसन्धानका उपलब्धिहरुलाई आदान प्रदान गर्ने ।

(ग) समान उद्देश्य राख्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसंग सम्पर्क, समन्वय र सञ्जाल निर्माण तथा सहकार्य गर्ने ।

(घ) स्वदेशी तथा विदेशी स्वयंसेवकहरुको आदनप्रदान गर्ने ।

(ङ) स्वदेशी तथा विदेशी राष्ट्रका सरकारहरुसंग समन्वय गरी आवश्यक विषयहरुमा सहकार्य, अध्ययन अनुसन्धान तथा परामर्श सेवा उपलब्ध गराउने ।

**५. संस्थाको उद्देश्य प्राप्त गर्ने गरिने कार्यहरुः**

संस्थाले उद्देश्य प्राप्त गर्न देहायका कार्य गर्नेछ ।

(क) संस्थाले प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र आफ्नो उद्देश्यहरु कार्यान्वयन गर्ने छ ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्यूटर, टेलिफोन, र फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्ने छ वा भाडामा लिई प्रयोग गर्ने छ ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति तथा तिनको सेवा शर्तहरु संस्थाको नियमानुसार निर्धारण गर्नेछ ।

(घ) संस्थाले आफ्नो कार्य सम्पादनको लागि छुट्टै नियमावली बनाई लागु गर्न सक्नेछ ।

(ङ) यस संस्थाले आफ्नो कार्यक्रमहरु स्थानीय अधिकारीको वा सम्बन्धित निकायको पूर्व स्वीकृति लिई अधिराज्यव्यापी र आवश्यकता अनुसार विभिन्न मुलुकहरुमा समेत संचालन गर्ने, गराउनेछ ।

## परिच्छेद ३
## सदस्यता

**६. यस संस्थामा देहायबमोजिम ४ प्रकारका सदस्यहरु रहनेछन्**

(क) साधारण सहस्यहरु:

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि पिएच.डी उपाधि प्राप्त गरेका व्यक्तिले तोकिएको प्रक्रिया अन्तर्गत रही आवेदन गरेमा संस्थाको साधारण सदस्यता प्राप्त गर्न सक्नेछन् । त्यसका लागि सदस्यता शुल्क रु १,०००, विश्वविद्यालयबाट स्वीकृत शोधग्रन्थ एकप्रति र मूल प्रमाणपत्रको प्रतिलिपि बुझाउनुपर्नेछ ।

(ख) संस्थापक सदस्यहरु:

यस संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिमा रहेका पदाधिकारी तथा संस्था गठनका लागि भएका तयारी बैठकहरुमा उपस्थित सबै सदस्यहरु संस्थापक सदस्य मानिनेछन्। संस्थापक सदस्यहरुलाई पनि सदस्यता शुल्क बापत रु १,००० नै लाग्नेछ ।

(ग) आजीवन सदस्य:

संस्थाको उद्देश्य हासिल गर्नको लागि आजीवन दत्तचित्त भइ सहयोग गर्न चाहने व्यक्ति विशेषलाई तोकिएको प्रक्रिया अन्तर्गत रु ५,०००। सदस्यता शुल्क लिई आजीवन सदस्यता प्रदान गरिनेछ ।

(घ) मानार्थ सदस्य:

संस्थाको मूलभूत उद्देश्य हासिल गर्न अतुलनीय योगदान गर्नुहुने पिएच.डी उपाधि प्राप्त स्वदेशी एवं विदेशी व्यक्तित्वहरुलाई कार्य समितिले यस किसिमको सदस्यता प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहनेछैन र यस किसिमको सदस्यले कुनै किसिमको शुल्क बुझाउनु पर्नेछैन ।

**७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता:**

यस संस्थाको सदस्य बन्नको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ

(क) २५ बर्ष उमेर पुरा गरेको ।

(ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय विश्वविद्यालयबाट विद्यावारिधि वा सो सरह उपाधि प्राप्त गरेको

(ग) मानसिक सन्तुलन नगुमाएको ।

(घ) सार्वजानिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

(ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

(च) कानुनले बन्देज नलगाएको व्यक्ति ।

८ संस्थाको सदस्यमा बहाल रहन नसक्ने अवस्था :

देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्य रहिरहन सक्नेछैन ।

क गैरनेपाली नागरिक ।

ख २५ वर्ष उमेर नपुगेको ।

ग मगज बिग्रेको वा बहुलाएको ।

घ सार्वजनिक सम्पत्ती हिनामिना गरेको ठहरेको ।

ङ. नैतिक पतन देखिने फौजदारी वा भ्रष्टाचारीको अभियोगमा सजाय पाएको ।

## ९ सदस्यताको समाप्ति :

१ देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्य वहाल रहने छैन ।

क यस विधानको दफा ८ बमोजिमको सदस्यता प्राप्त गर्न नसक्ने भएमा ।

ख साधारण सभाको ७५ प्रतिशत सदस्यहरुको बहुमतले सस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारीत गरेमा ।

ग सदस्यले दिएको राजिनामा स्वीकृत भएमा ।

घ सस्थाको काम कारवाहीमा बेईमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

ङ. यस विधान बमोजिम संस्थाले गर्न नहुने, भनि तोकिएको कुनै कार्य गरेमा ।

च सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

छ संस्था विघटन भै खारेज भएमा ।

२ कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि निजलाई सो कुराको सूचना दिई सफाईको सबुद पेश गर्ने मौका दिईनेछ ।

## १० सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि

यस विधानको दफा ६ बमोजिमको सदस्यहरुले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन् ।

१. साधारण सदस्य:

(क) साधारण सदस्य प्राप्त गर्न चाहने पिएच.डी उपाधि प्राप्त ब्यक्तिले शुल्क बापत रु १,०००। बुझाइ तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गरेपछि कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

(ख) त्यस्ता साधारण सदस्यले वार्षिक नवीकरण शुल्क बापत् रु ५००। बुझाउनुपर्नेछ ।

(ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक आर्थिक वर्ष आषाढ मसान्त भित्र नवीकरण गराई सक्नु पर्नेछ र त्यस पछिको हकमा तोकिए बमोजिमको ढिला दस्तुर बुझाई नविकरण गर्न सक्नेछ ।

२ कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सोको कारण सहितको जानकारी आवेदकलाई दिईनेछ ।

३ सवै सदस्यहरुले यस विधान र विधान अन्तर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्ने छ ।

४ संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

## परिच्छेद ४

## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धी व्यवस्था

**११ साधारण सभाको गठन**

१ यस सस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने साधारण, संस्थापक र आजीवन सदस्यहरु रहेको संस्थाको एक साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

२ यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

क वार्षिक साधारण सभा : वर्षको एक पटक वार्षिक साधारण सभा बस्ने छ ।

ख विशेष साधारण सभा : संस्थाको कुल सदस्य संख्याको एक चौथाई सदस्यहरुले कारण जनाई विशेष साधारण सभाको माग गरेमा कार्यसमितिले कम्तिमा ७ (सात) दिनभित्र विशेष साधारण सभा अनिवार्य रुपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

३ यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आ.ब. समाप्त भएको मितिले दुई महिना भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले २ (दुई) महिना भित्र गरिनेछन् ।

४ यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय, र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिईनेछ ।

५ उपदफा ४ बमोजिम बोलाईएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपुरक सख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिई पूनः साधारण सभा बोलाईने छ ।

६ साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिनेछ ।

**१२ साधारण सभाको काम कर्तव्य र अधिकार :**

साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क कार्य समितिले पेश गरेको योजना, कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने ।

ख लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखापरीक्षण प्रतिवेदनमाथी छलफल गरी अनुमोदन गर्ने, लेखापरीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु अशुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

ग आगामी वर्षको लागि लेखापरीक्षकको नियुक्ति गर्ने ।

घ संस्थाको वार्षिक कार्यप्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्याङ्कन र कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

ङ. संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा विधान बमोजिमको प्रकृया अन्तर्गत रही कार्य समितिका पदाधिकारीहरुको निर्वाचन गर्ने ।

च कार्य समितिद्वारा पेश भएको विधान संशोधन प्रस्ताब, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ मानार्थ सदस्यता प्रदान गर्ने ।

ज कार्य समितिबाट संस्थाको हित अनुकुल भएका काम कारवाहीहरुको, औचित्य हेरी अनुमोदन गर्ने ।

झ संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकताअनुरुप स्वीकृति प्रदान गर्ने ।

**१३ कार्य समितिको गठन**

१ साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमका ११ जनापदाधिकारी रहने व्यवस्था गरिनेछ ।

| | |
|---|---|
| क. अध्यक्ष | १ |
| ख. उपाध्यक्ष | १ |
| ग. महासचिव | १ |
| घ. सचिव | १ |
| ङ. कोषाध्यक्ष | १ |
| च. सदस्यहरु | ६ |

२ कार्य समितिको कार्यकाल ३ (तीन) वर्षको हुनेछ ।

३ वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि उक्त सदस्यको मनोनित कार्य समितिद्धारा गर्न सकिनेछ । यसरी सो पदमा मनोनित भएको सदस्यको कार्यकाल जुन सदस्यको पद रिक्त भएको हो, उसको बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ । तर, अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाद्धारा पद पूर्ति गरिनेछ ।

४ कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छन् । तर कार्यसमितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१ प्रतिशतले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५ कार्य समितिका पदाधिकारीहरुको कूल संख्याको ५१% पदाधिकारीहरु उपस्थित नभै कार्य समितिको बैठक बस्नेछैन ।

६ कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछन् र निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछन्

७ कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछन् ।

८ कार्य समितिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय किताब (माइन्युट) मा लेखी राखिनेछ र सो माइन्यूटमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नुपर्नेछ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नसक्ने छ ।

९ संस्थाले गर्ने भनेको सम्पूर्ण कामहरु कार्य समितिको निर्णयबाट हुनेछ ।

१० माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सवै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिनेछ ।

**१४ कार्य समितिको काम कर्तव्य र अधिकार**

कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१ संस्थाको आगामी वर्षको बार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

२ विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

३ संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने ।

४ साधारण सभाप्रति उत्तरदायी रहने ।

५ संस्थाको उदेश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपयोग गर्ने ।

६ संस्थाको कार्य सम्पादन गर्न कार्ययोजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।

७ संस्थाको कोष र सम्पत्ती सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता संचालन गर्ने ।

८ संस्थाको कर्मचारीहरुको सेवा, शर्त र सुविधा आदि सम्बन्धि कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने, गराउने ।

९ संस्थाको उदेश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समिति, अन्य समिति, उपसमितिहरु गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफँड गरी दिने ।

१० संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**१५ पदत्याग गर्न सक्ने**

अध्यक्षले कार्यसमिति समक्ष र अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पदत्याग गर्न सक्ने छन् ।

**१६ अन्य समितिहरु**

१ यस विधानको परिधिभित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्यसमितिले आवश्यकता अनुसार विभिन्न उप समितिहरु गठन गर्न सक्नेछ ।

२ उप समितिहरुको काम कार्य समितिले तोकी दिए बमोजिम हुनेछ ।

## परिच्छेद ५

पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१७ पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

कार्य समितिका पदाधिकारहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१ अध्यक्षको काम, कर्तव्य र अधिकार

क समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने ।

ख निर्णयक मत दिने ।

ग सस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

घ संस्थाको नेतृत्व लिने ।

ङ. आवश्यकता अनुसार बैठकहरु बोलाउन महासचिबलाई निर्देशन दिने ।

च अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

छ, अभिलेख प्रमाणीत गर्ने ।

२ उपाध्यक्षको काम, कर्तव्य र अधिकार

क अध्यक्षको अनुपस्थितिमा समिति र सभाको बैठकको अध्यक्षता, बैठक संचालन लगायत अध्यक्षले गर्ने सम्पूर्ण कामहरु गर्ने ।

ख अध्यक्षको काममा अन्य आवश्यक सहयोगहरु गर्ने ।

ग, अध्यक्ष वा कार्यसमितिले तोकेका अन्य कामहरु गर्ने

३ महासचिवको काम, कर्तव्य र अधिकार

क संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने ।

ख अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।

ग अभिलेख सुरक्षित राख्ने ।

घ अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

ङ. संस्थाको कार्यसमितिको बैठकले तोकेका कार्यहरु सम्पादन गर्ने गराउने ।

४ सचिवको काम, कर्तव्य र अधिकार

क संस्थाको सचिवालयको रेखदेख र संचालन गर्न महासचिवलाई सहयोग गर्ने ।

ख अभिलेख सुरक्षित राख्ने ।

ग अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

घ. महासचिबले लाए अह्राएका तथा निर्देशित कार्य एवं संस्थाको कार्यसमितिको बैठकले तोकेका कार्यहरु सम्पादन गर्ने, गराउने ।

५ कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

क संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।

ख साधारणसभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

ग लेखा दुरुस्त राख्ने ।

घ नियमित रुपमा वार्षिक लेखापरीक्षण गराउने ।

ङ. संस्थाको सदस्यहरुबाट सदस्यता शुल्क उठाउने ।

६ सदस्यहरुको काम र कर्तव्य र अधिकार :

क समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

ख संस्थाको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने ।

ग, कार्यसमितिले तोकेका अन्य कामहरु गर्ने

**१८ गणपूरक संख्या :**

१ कुल सदस्य संख्याको ६० प्रतिशत साधारण सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारवाही हुने छैन् ।

२ तर विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम, पूनः बोलाईएको साधारण सभामा कूल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

**परिच्छेद ६**

आर्थिक व्यवस्था

**१९ संस्थाको कोष**

१ संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको रकमहरु जम्मा हुनेछन्:

क सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्क रकम ।

ख कसैको स्वेच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

ग संस्थाको चल अचल सम्पत्ति वा अन्य वस्तुको बिक्रिबाट प्राप्त रकम ।

घ विदेशी संस्था, व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थाबाट सहयोग वापत प्राप्त रकम।

ङ. सरकारका केन्द्रीय वा स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।

च संस्थाको विभिन्न सेवा तथा कार्यक्रमहरु संचालनबाट उठेको शुल्क तथा रकम ।

छ अन्य स्रोत बाट प्राप्त रकम ।

२ विदेशी संघ संस्था वा व्याक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए सो संस्थाले नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृत लिईने छ ।

३ संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी संस्थाको बैंक खाता संचालन गरिनेछ ।

**२० खाता संचालन :**

संस्थाको बैंक खाता अध्यक्ष र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

**२१ कोषको रकम खर्च गर्ने तरिका :**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ ।

क संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत गरी खर्च गरिनेछ ।

ख साधारण सभावाट पारीत बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गरिनेछ।

ग कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

घ कोषको रकम खर्च गर्दा संस्थाको आर्थिक विनियमावली अनुसार खर्च गर्नु पर्नेछ ।

**२२ संस्थाको लेखा र लेखा परीक्षण**

क संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिनेछ ।

ख संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट गरिनेछ ।

ग नेपाल सरकार वा स्थानिय अधिकारीले चाहेमा जुन सुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाव किताव जाँच गर्न, गराउन सक्नेछ ।

घ लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखापरीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

ङ. संस्थाको लेखापरीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको एक एक प्रति स्थानिय अधिकारी, जि.वि.स., समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिने छ ।

**परिच्छेद ७**

निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संसोधन सम्बन्धी व्यवस्था

२३ **निर्वाचन सम्बन्धी व्यवस्था**

१ कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ५ जनाको एक निर्वाचन समिति कार्य समितिद्धारा गठन गरिने छ ।

२ निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै निर्धारण गर्नेछ ।

३ निर्वाचन सम्बन्धी विवाद भएमा निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुने गरी विवादको टुङ्गो लगाउनेछ ।

४ निर्वाचन सम्पन्न भएपछि निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

२४ **उम्मेद्धवार हुने योग्यता :**

कार्य समितिको उम्मेद्धवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

क उमेद्धारीको अवस्थामा यस संस्थाको सदस्यता बहाल रहेको हुनुपर्ने छ ।

ख नेपाली नागरीक र २५ वर्ष उमेर पुगेको हुनु पर्नेछ ।

२५ **अविश्वासको प्रस्ताव :**

१ अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुर्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

क नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्छ ।

ख प्रस्तावको विषय स्पष्ट हुनु पर्छ ।

ग साधारण सभाका सदस्यहरु मध्ये कम्तीमा एक चौथाई सदस्यहरुको स्पष्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ ।

२ उपदफा १ बमोजिम सस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११(४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिईनेछ ।

३ अविश्वासको प्रस्ताव माथी छलफलको प्रकृया

क साधारण सभामा अध्यक्षता गर्ने व्याक्तिले साधारण सभामा उप दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनुपर्ने कारण सहितको आफ्नो अभिमत सभासमक्ष प्रस्तुत गर्नेछ ।

ख उपदफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्तावउपर मत प्रकट गर्न चाहने बढीमा अन्य ३ जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग उपदफा १ बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिइनेछ ।

४ अविश्वासको प्रस्ताव माथि निर्णय

१ अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले बहुमत सो प्रस्तावको पक्षमा वा विपक्षमा भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

क अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समुहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समुहमा छुट्टयाएर वा

ख साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२ साधारण सभाको कूल सदस्य संख्याको २।३ (दुई तिहाई) बहुमतले प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारीत भएमा प्रस्तावित पक्षका व्यक्तिहरु स्वतः पदमुक्त हुनेछन् ।

३ निर्वाचित भएको छ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पूनः अविश्वासको प्रस्ताव ल्याउन पाईने छैन ।

**२६ विधान संसोधन**

कुल सदस्य संख्याको दुई तिहाई साधारणसभा सदस्यहरुले अनुमोदन गरेपश्चात मात्र संस्थाको विधानको कुनै दफा संसोधन वा खारेजको लागि स्थानिय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ । स्थानिय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र विधानको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

**२७ विनियम बनाउन सक्ने**

१ संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम, विनियम बनाउन सक्नेछ र सो नियम,विनियम साधारण सभाबाट पारित गराई लागु हुनेछ । स्थानिय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

२ यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको कार्य संचालन र उदेश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धि विनियम बनाई लागु गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**२८ कर्मचारीको व्यवस्था**

क संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरबन्दी श्रृजना, पारीश्रमिक, तलब तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ ।

ख संस्थाले विदेशी सहयोग प्राप्त गरी विदेशी सल्लाहाकार वा स्वयम सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानिय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषदमा समेत जानकारी गराईनेछ ।

**२९ संस्थाको खारेजी**

१ साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारीत गरी संस्था खारेजी गर्न सक्नेछ ।

२ उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारीत गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाव किताव गर्नका लागि एक वा एक भन्दा वढी लेखा परीक्षकहरु नियुक्त गर्न सक्ने छन् ।

३ उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर र लेखापरीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

४ यसरी कारणवस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जाय जेथा नेपाल सरकारको हुनेछ ।

**३० ब्याख्या :**

यो विधान र बिधान अन्तरगत बनेको नियम बिनियमको ब्याख्या गर्ने अधिकार कार्य समितिलाई मात्र हुनेछ ।

**३१ गोप्यता भंग गर्न नहुने :**

संस्थाको गोपनीयतालाई यस संस्थाका कुनैपनि पदाधिकारी वा सदस्यले भंग गर्न पाउने छैन ।

**३२ ऐन अनुसार हुने :**

यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम, र प्रचलीत कानूनसंग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

**३३ निर्देशनको पालना :**

नेपाल सरकार वा स्थानिय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

**३४ तदर्थ समिति :**

१ यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउनेछ र सो को जानकारी स्थानिय अधिकारीलाई दिईनेछ ।

२ प्रथम पटक निर्वाचन सम्पन्न नभए सम्मको अवस्थामा कार्यसमितिले गरेको काम कारबाहीहरु यसै विधान सरह भएको मानिनेछ ।

प्रबन्ध समितिका पदाधिकारीः

| क.सं. | नाम, थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | डा. राजेन्द्र के.सी | अध्यक्ष | | |
| २. | डा. अनिरा वैद्य | उपाध्यक्ष | | |
| ३. | डा. किशोर कुमार घर्ती क्षेत्री | महासचिव | | |
| ४. | डा. बालचन्द्र मिश्र | सचिव | | |
| ५. | डा. डिल्लीराज नेवा | कोषाध्यक्ष | | |
| ६. | डा. नारायण ढकाल | सदस्य | | |
| ७. | डा. सुरेश कुमार ढुङ्गेल | सदस्य | | |
| ८. | डा. घनश्याम गुरुङ्ग | सदस्य | | |
| ९. | डा. नरेशकाजी ताम्राकार | सदस्य | | |
| १०. | डा. डिल्लीराज शर्मा | सदस्य | | |
| ११. | डा. रघु अर्याल | सदस्य | | |

## अनुसुची –४

श्री प्रमुख जिल्ला अधिकारी ज्यू,
**जिल्ला प्रशासन कार्यालय**
काठमाडौं

**विषय : संस्था दर्ता गरी पाउँ ।**

हामीले नेपाल विद्यावारिधि संघ नामक सामाजिक संस्था, समाज विकास ऐन, २०६.... बमोजिम दर्ता गर्न चाहेकोले रु. ५।- को टिकट टाँसी प्रस्तावित विधानको ४ (चार) प्रति, पदाधिकारीहरुको नागरिकताको प्रमाणित प्रतिलिपि १/१ प्रति समेत यसैसाथ संलग्न गरी देहायको विवरण खुलाई निवेदन गरेका छौं ।

**विवरण**

(१) संस्थाको नाम : **नेपाल विद्यावरिधि संघ**
(२) संस्थाको ठेगानाः कामपा -१, काठमाण्डौ
(३) संस्थाको घर नं. ...१८३, सीमागल्ली
इमेल : ....................... पो.ब.नं. ..................................
(४) संस्थाको मूलभूत उद्देश्य :

हामी विद्यावारिधि संघ नेपालका निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मन्जुर भई निम्न साक्षीको रोहबरमा विधानमा सहीछाप गर्दछौं ।

| सँस्थापकको नाम , ठेगाना र सहिछाप | बाबुको नाम | बाजेको नाम | साक्षीको नाम ,थर वतन र सहिछाप |
|---|---|---|---|
| हस्ताक्षर :<br><br>का.जि.का.म.न.पा.वडा नं.<br>फोन नं. | | | हस्ताक्षर :<br><br>का.जि.का.म.न.पा.वडानं. |
| हस्ताक्षर :<br><br>का.जि.का.म.न.पा.वडा नं.<br>फोन नं. | | | हस्ताक्षर :<br><br>का.जि.का.म.न.पा.वडानं. |
| हस्ताक्षर :<br><br>का.जि.का.म.न.पा.वडा नं.<br>फोन नं. | | | ह हस्ताक्षर :<br><br>का.जि.का.म.न.पा.वडान |
| हस्ताक्षर :<br><br>का.जि.का.म.न.पा.वडा नं.<br>फोन नं. | | | हस्ताक्षर :<br><br>का.जि.का.म.न.पा.वडानं. |
| हस्ताक्षर :<br><br>का.जि.का.म.न.पा.वडा नं.<br>फोन नं. | | | हस्ताक्षर :<br><br>का.जि.का.म.न.पा.वडान |